राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ११३ २०८२ मंसिर ०७ गते आईतवार (23 Nov. 2025) पृष्ठ ४ मूल्य रू. ३।-

# जसपाको देशव्यापी आन्दोलन घोषणा

## ज्ञापनपत्रदेखि प्रदेशस्तरीय जनप्रदर्शनसम्म

दैनिक समाचारदाता
जनकपुरधाम, ६ मंसिर । आसन्न प्रतिनिधिसभा निर्वाचनको वातावरणसँगै देशको राजनीतिक वृतमा नयाँ चहल(पहल बढिरहेका बेला जनता समाजवादी पार्टी नेपाल (जसपा) ले संघर्षका विस्तृत र चरणबद्ध कार्यक्रम सार्वजनिक गरेको छ । पार्टीले आफ्नो पुराना मागहरू सरकारबाट सम्बोधन नहुँदा अब चुनाव तयारी र आन्दोलन(दुवैलाई एकैसाथ अघि बढाउने निर्णय गरेको हो ।

मंसिर ३ र ४ गते काठमाडौंमा बसेको पार्टी केन्द्रीय कार्यकारिणी समितिको बैठकले जसपाको एजेन्डा, राजनीतिक रणनीति र सरकारप्रतिको असन्तुष्टि स्पष्ट गर्दै सडकमै उत्रिने निर्णय सर्वसम्मत रूपमै गरेको महासचिव लालबाबु राउतले बताएका छन् । उनका अनुसार पार्टीले वर्षौंदेखि उठाउँदै आएको माग संविधान संशोधनदेखि समानता, पहिचान, अधिकार तथा मधेशसहित उपेक्षित क्षेत्रको मुद्दालाई सरकारले गम्भीरतापूर्वक नलिएकोले संघर्ष अपरिहार्य बनेको हो ।



घोषित कार्यक्रमअनुसार पहिलो चरणमा मंसिर १० गते देशका सबै जिल्लाबाट जिल्ला प्रशासन कार्यालयमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाइनेछ । यसले सरकारलाई चेतावनीदायी सन्देश दिने उद्देश्य राखिएको छ। दोस्रो चरणमा मंसिर ११ देखि १५ सम्म प्रत्येक संसदीय क्षेत्रअन्तर्गतका सहर तथा बजार क्षेत्रमा विरोध कार्यक्रम, कोणसभा, जनपरिचालन तथा सडक अभिव्यक्तिहरू चलाइनेछ, जसले जनस्तरमा पार्टीको अभियानलाई तीव्र बनाउनेछ ।

तेस्रो चरणमा मंसिर १९ देखि २१ सम्म जिल्ला सदरमुकाममा अवस्थित जिल्ला प्रशासन कार्यालय अगाडि शान्तिपूर्ण तर सशक्त धर्ना कार्यक्रम सञ्चालन हुनेछ। सहभागीहरू मागसहितका प्लेकार्ड र ब्यानरसहित उपस्थित हुनेछन्। जसपाका नेता(कार्यकर्ताहरूले यसलाई "शान्तिपूर्ण नागरिक चेतना अभियान" को रूपमा लिएका छन्।

चौथो चरणमा मंसिर २७ देखि पौष ४ सम्म देशभर जिल्ला(स्तरीय विरोध सभा तथा जनसभा आयोजना गरिनेछ। यसलाई जसपाले "संगठित प्रदर्शनका व्यापक गतिविधि" का रूपमा लिएको छ, जसले पार्टी संगठनलाई बलियो बनाउने र आगामी चुनावमा जनसमर्थनलाई केन्द्रित गर्ने लक्ष्य राखिएको छ।

यति मात्र होइन, प्रदेशस्तरमा समेत ठूलो जनप्रदर्शन कार्यक्रम तय गरिएको छ। पार्टीले पौष १२ गते कोशी प्रदेशको विराटनगर, पौष १४ गते मधेश प्रदेशको जनकपुर, पौष १५ गते वीरगंज तथा पौष १७ गते लुम्बिनी प्रदेशअन्तर्गत नेपालगञ्ज(भैरहवामा विशाल विरोधसभा आयोजना गर्ने निर्णय गरेको छ। यी सभा पार्टीका प्रमुख प्रदर्शन स्थल हुने अपेक्षा गरिएको छ, जहाँ हजारौं कार्यकर्ता, समर्थक तथा नागरिकहरूको उपस्थिति रहने सम्भावना छ।

यसअघि जनता समाजवादी पार्टीले अनेकौं पटक संघीय संरचना, नागरिक हक, समानुपातिक प्रतिनिधित्व, मधेश मुद्दा, भाषा(संस्कृतिको संरक्षण, तथा संविधान संशोधनको माग उठाउँदै आएको छ। पार्टीका अनुसार यी मुद्दा राज्यको दीर्घकालीन स्थिरता र समावेशी लोकतन्त्रको मेरुदण्ड हुन्, तर सरकारको उदासीन व्यवहारका

*बाँकी अन्तिम पृष्ठमा*

# आसन्न निर्वाचनमा मिलेर चुनाव लडने मोर्चाको निर्णय




दैनिक समाचारदाता
जनकपुरधाम, ६ मंसिर । आसन्न राष्ट्रिय सभा तथा प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै संघीय लोकतान्त्रिक मोर्चाले अब मोर्चाबाटै साझा र एकीकृत रणनीतिमा चुनावी प्रतिस्पर्धा गर्ने घोषणा गरेको छ। लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालको बबरमहलस्थित केन्द्रीय कार्यालयमा शनिबार बसेको मोर्चा घटक दलहरुको विस्तारित बैठकले आगामी चुनावमा एकआपसमा तालमेल गरी संयुक्त उम्मेदवारीका आधारमा अघि बढ्ने निर्णय गरेको हो।

बैठकपछि लोसपा अध्यक्ष महन्थ ठाकुरले सार्वजनिक गरेको विज्ञप्तिमा मोर्चा अन्तर्गत रहेका सबै सात दलले मधेशका राजनीतिक मुद्दा, पहिचान, हक-अधिकार तथा असमानताका सवालमा साझा धारणा बनाउँदै निर्वाचनमा पनि बलियो एकता प्रदर्शन गर्ने स्पष्ट उल्लेख गरिएको छ। अध्यक्ष ठाकुरका अनुसार, मोर्चाको एकताबद्ध उपस्थितिले मधेशसहित देशभरका मतदातामा सकारात्मक सन्देश जाने र वैकल्पिक मधेशवादी राजनीतिक ध्रुवीकरणलाई बल दिने अपेक्षा गरिएको छ।

मोर्चाले आगामी निर्वाचन निष्पक्ष, स्वच्छ र भयरहित वातावरणमा सम्पन्न हुनुपर्ने मागसहित सरकारले अनुमानित चुनौतीहरू तुरुन्त सम्बोधन गर्नुपर्ने धारणा पनि सार्वजनिक गरेको छ। विशेषत: सुरक्षा अवस्था, निर्वाचन व्यवस्थापन, मतदाता शिक्षादेखि संसाधन परिचालनसम्मका विषयमा सरकार गम्भीर र जिम्मेवार बन्नुपर्ने मोर्चाको जोड छ।


मधेश केन्द्रित सात

*बाँकी अन्तिम पृष्ठमा*

# चारजना पक्राउ

दैनिक समाचारदाता
सप्तरी ६ मंसिर । सप्तरीमा मोबाइल चोरी गरेको आरोपमा भएको कुटपिटबाट एक युवकको ज्यान गएपछि प्रहरीले एक महिलासहित चार जनालाई पक्राउ गरेको छ ।
राजगढ गाउँपालिका वडा नम्बर ६ फकिरा टोलका १९ वर्षीय मुकेशकुमार यादवको कुटपिटबाट मृत्यु भएपछि प्रहरीले विष्णुपुर गाउँपालिका वडा नम्बर ४ की ३५ वर्षीया सरोकुमारी साह, राजविराज नगरपालिका १६ बोरियाका १७ वर्षीय दिनेश ठाकुर, १४ वर्षीय छोटु भन्ने रवीन्द्र ठाकुर र २५ वर्षीय सन्तोष राउतलाई पक्राउ गरेको हो ।
बुधबार सरोकुमारी साहले मोबाइल चोरीको आरोपमा यादवलाई लट्ठीले कुटपिट गर्दा उहाँको घाँटी तथा शरीरका विभिन्न भागमा चोट लागेर गम्भीर घाइते हुनुभएको थियो । घाइते यादवलाई उपचारका लागि गजेन्द्रनारायण सिंह अस्पताल राजविराज ल्याइ त्यहाँबाट थप उपचारका लागि छिन्नमस्ता अस्पताल राजविराज पठाइएकोमा शुक्रबार साँझ

अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201


नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020

सार्वजनिक सेवालाई भ्रष्टाचारमुक्त बनाऔं ।

- ८आफ्नो काम कानूनी प्रक्रिया र नियमअनुसार गरौं,
- उपहार दिने र लिने नगरौं,
- सेवाग्राहीलाई अनावश्यक दुःख दिने कार्य नगरौं,
- सेवा दिन कुनै ढिलासुस्ती नगरौं,
- घुस लिने र दिने दुवै अपराधी हुन्,
- सदाचारीलाई सम्मान र पुरस्कृत गरौं, भ्रष्टाचारीलाई कारवाही गरौं,
- भ्रष्टाचार र अनियमितता विरुद्ध आवाज उठाऔं,
- अनियमितता भएको देखेमा तुरुन्त अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोल-फ्री नम्बर १०७ वा सम्बन्धित निकायमा सम्पर्क गरौं ।

*भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता अपनाऔं, सार्वजनिक सेवालाई पारदर्शी र जवाफदेही बनाऔं ।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**



## सम्पादकीय

# सत्ता-अभिमानको प्रतिफल

२०७९ को चुनावपछि मधेश प्रदेशसभामा ठूलो दलको हैसियतमा पुगेको नेकपा एमाले एकाएक शक्ति-कन्दरतिर उभिएको थियो। २५ सिटको अंकगणितले उसलाई सभामुखदेखि प्रदेश प्रमुखसम्मका संवैधानिक पद आफ्नो पकडमा लिने मौका दियो। संघीय सरकारमै बलियो उपस्थिति रहेकाले झापाकी सुमित्रा सुवेदी भण्डारीलाई प्रदेश प्रमुख बनाएर मधेश पठाइनुले पार्टीको शक्ति विस्तार अझै व्यापक रूपमा देखिन्थ्यो। मधेशमा सरकार, सभामुख, प्रदेश प्रमुख–सबैतिर एमालेको प्रभावकारी दम्भ स्पष्ट थियो।

तर यही शक्ति विस्तारको लालसाले एमालेलाई आज एक्लो बनाएको छ। सत्ता प्राप्तिसँगै सुरु भएको पद-प्रयोग र अंकगणितीय दबाबले अन्ततः आफ्नै जमिन चुँडिएको छ। विश्वासको मतको दिन–कात्तिक २२–एमालेका लागि मोडको घडी बन्यो। कार्तिक २३ सम्म कांग्रेस साथमै थियो, तर दलगत स्वार्थ र राजनीतिक व्यवहारको असन्तुष्टिले कांग्रेसले साथ छोड्यो। त्यसपछि एमाले एकाएक छ दलको संकुचित समूहमा थिचियो र सातदलीय गठबन्धन सत्ता समीकरणको नयाँ केन्द्रमा उदायो।

एमालेको पछिल्लो संकट कुनै आकस्मिक घटना होइन। संवैधानिक धारा १६८(३) को जथाभावी प्रयोग, सभामुख र प्रदेश प्रमुखलाई मात्र दलगत आस्थाको उपकरणमा रूपान्तरण गर्ने प्रवृत्ति, र मधेशको राजनीतिक संवेदनशीलतालाई बेवास्ता गर्दै सत्ता हत्याउने चलाखी नै यसको मूल कारण हुन्। पानस होटलमा भएको मुख्यमन्त्री सरोज यादवको विवादास्पद शपथले मधेश मात्र होइन, राष्ट्रकै संवैधानिक आचरणलाई प्रश्नचिह्न बनायो। सातदलीय गठबन्धन सडक र अदालत दुवैलाई प्रयोगमा ल्याउँदै प्रतिरोधमा उत्रियो, जसको परिणाम–प्रदेश प्रमुखको बर्खास्ती, सरकार कामचलाउ, र प्रदेशसभा नै अस्थिरताको सिकार।

सभामुख रामचन्द्र मण्डलमाथिको महाअभियोग एमालेकै आन्तरिक गलत रणनीतिद्वारा जन्मिएको अर्को उदाहरण हो। महाअभियोग रोकेर सभामुख बचाउने निहुँमा पाँच सांसद नै बर्खास्त गर्ने असंवैधानिक दाउ भने सर्वोच्चको एक आदेशले विफल बनाइदियो। नेपालको प्रदेशराजनीतिमा सभामुखजस्तो गरिमामय पदलाई अंकगणितीय गुणा-भागमा सीमित पारिएको दृश्यले एमालेको नैतिक धरातल कमजोर बनाएको छ। सभामुख मण्डल स्वयंले ‘अंकगणितसँग आचरण दाज्नु पाखण्डीपन’ भन्दै प्रतिक्रिया दिनु नै दुरूपयोगको स्वीकारोक्ति जस्तै सुनिन्छ।

यसबीच बारादेखि सिमरासम्म देखिएको प्रतिरोधले २०७२ को मधेश आन्दोलनको स्मरण गराएको छ, जहाँ एमाले नेतृत्वप्रति अविश्वास र असन्तुष्टि उबलिएको थियो। आज फेरि त्यही परिस्थिति दोहोरिनु, एमालेका शीर्ष नेताको कार्यक्रम रोकिनु, जनप्रतिनिधि पक्राउ पर्नु–यी सबै घटनाले मधेशमा एमालेको सामाजिक स्वीकार्यता फेरि कमजोर बन्दै गएको संकेत दिन्छ। पार्टी अध्यक्षसँगै शीर्ष नेतृत्वले वर्षौं लगाएर बनाएको मधेशप्रतिको सम्बन्ध एकै साँघुरो राजनीतिक निर्णयले पुनः खोसिँदै छ। पार्टीभित्रैबाट पनि यस अवस्थाप्रति कठोर प्रश्नहरू उठिरहेका छन्। मधेश इन्चार्ज भइसकेका सचिव योगेश भट्टराईले मधेशमा एमाले राजनीतिक रूपमा एक्लिएको, प्रतिष्ठा गुमाएको र आन्तरिक संघर्ष चर्किएको खुला स्वीकारोक्ति गरेका छन्। भट्टराईका ती प्रश्नहरू–“यो सबै किन भयो? कसले केका लागि खेलवाड गर्यो?”–एमाले नेतृत्वको गम्भीरता परीक्षण गर्ने अव्यक्त चुनौती हुन्।

मधेशमा एमालेले अहिले भोगिरहेको संकट केवल सत्ता जोगाउने असफल प्रयत्नको परिणाम होइन, दीर्घकालीन अवज्ञा, संवेदनशीलता नबुझ्ने प्रवृत्ति, र पद-अहंकारको प्रतिफल हो। मधेशमा विश्वासको राजनीति शब्दले होइन, व्यवहारले जन्मिन्छ। शक्ति-अंकगणितले पद त दिन सक्छ, तर टिकाउने नैतिक आचरण गुम्यो भने दल केवल ठूलो देखिन्छ, ठूलो रहँदैन। मधेशले एमालेलाई फेरि सिकाइदिएको छ–सत्ता कब्जा गर्न जोडमोड पर्याप्त हुन्छ, तर समाजमा टिक्न विनम्रता, संवैधानिक मर्यादा र राजनीतिक सत्यनिष्ठा अपरिहार्य हुन्छन्।

# के बच्चा जन्माउनाले महिलाको आयु घट्छ ?

जब बच्चाहरू चकचक गर्छन्, खाना खान मान्दैनन् वा सुत्न इन्कार गर्छन्, आमाहरूले प्रायः मजाकमा भन्छन्- ’यी बच्चाहरूले त मेरो उमेर नै घटाइदिन्छन्।’

एक नयाँ अनुसन्धानले देखाएको छ कि यो मजाक कठिन परिस्थितिमा बाँचिरहेका धेरै महिलाहरूका लागि वास्तविकतासँग काफ़ी मिल्दोजुल्दो हुन सक्छ।

ऐतिहासिक कागजातहरूको विश्लेषणबाट थाहा भयो कि केही महिलाहरूको उमेर हरेक बच्चा जन्मसँगै झन्डै छ महिनासम्म घटिरहेको थियो । सबैभन्दा कठिन परिस्थितिमा बाँच्ने महिलाहरूमा यसको प्रभाव झनै गहिरो देखियो।



क्रमिक विकास (इभोल्युसन) अध्ययन गर्ने अनुसन्धानकर्ताहरूले ‘प्यारिस रेकर्ड’ अर्थात् जन्म-मृत्यु सम्बन्धी पुराना अभिलेखहरूको अध्ययन गरे। यी अभिलेखहरूमा १८६६ देखि १८६८ सम्म फिनल्यान्डमा परेको भीषण दुर्भिक्ष (अकाल) का बेला बाँचिरहेका ४,६८४ महिलाहरूको विवरण थियो। अध्ययनका प्रमुख शोधकर्ता, नेदरल्याण्ड्सको ग्रोनिङ्गेन विश्वविद्यालयका डा. यूअन यङ भन्छन्, ’यो युरोपको इतिहासकै सबैभन्दा गम्भीर अकालमध्ये एक थियो।’

डा. यङ र उनकी टोली (प्रोफेसर हन्ना डगडेल, प्रोफेसर विरपी लुम्मा र डा. एरिक पोस्ट्मा)ले पत्ता लगाए कि अकालको समयमा आमा बनेका महिलाहरूको जीवन-आयु हरेक बच्चाको जन्मसँगै लगभग छ महिना घटेको थियो। उनीहरूले अनुमान गर्छन् कि महिलाहरूले आफ्नो शरीरका कोषहरूको मर्मत-सम्भारमा ऊर्जा खर्च गर्नुभन्दा प्रजननमा बढी ऊर्जा लगाउनुपर्दा पछि रोगको जोखिम बढ्यो।

तर अकालभन्दा अघि वा पछि आमा बनेका महिलामा यस्तो असर देखिएको पाएन।

डा. यङ भन्छन्, ’हामीले यस्तो दुविधा केवल ती महिलामा मात्र देख्यौँ, जो दुर्भिक्षको समयमा प्रजनन-उमेरमा थिइन्।’

यसले देखाउँछ कि महिलाहरू बच्चा जन्माउने समय-अवधिमा जहाँ बस्थे, त्यही वातावरण अत्यन्त महत्वपूर्ण कारक थियो। तर किन?

एक सम्भावना यो कि कठिन परिस्थितिमा बच्चा जन्माउनुका दीर्घकालीन स्वास्थ्य प्रभावहरू झनै गम्भीर बन्छन्।

पहिल्यैदेखि थाहा भएकै कुरा हो कि आमा बन्ने महिलामा मुटु तथा मेटाबोलिक रोगको जोखिम बढी हुन्छ- जसको कारण तौल बढ्नु र शारीरिक तनाव हो।

डा. यङ भन्छन्, ’अर्को सम्भावना यो पनि हो कि गर्भावस्था, स्तनपान र बच्चा पालन-पोषणका कारण शरीरबाट आवश्यक पोषक तत्व झनै कमी हुन्छ।’

गर्भावस्था र स्तनपानका लागि धेरै ऊर्जा चाहिन्छ। अकालका बेला महिलासँग आफैँलाई स्वस्थ राख्नुपर्ने ऊर्जा झनै कम बचेको हुनसक्छ, जसले दीर्घकालमा रोगसँग लड्ने क्षमता घटाउँछ।

डा. यङ थप्छन्, ’ती समुदायमा महिलाले धेरै बच्चा जन्माउने चलन थियो र प्रसूति बीचमा आराम वा शरीरलाई ठीक हुन पाउने समय कम थियो। यस्तो अवस्थामा स्वास्थ्यमा पर्ने असर एकअर्कालाई थपेर झनै गम्भीर हुन सक्छ।’

तर उनी भन्छन्, यो अध्ययन ऐतिहासिक डाटाको आधारमा भएकाले पूर्ण निश्चित हुन अझ धेरै अनुसन्धान आवश्यक छ।

### *सन्तान र जीवन-आयुको ‘सन्तुलन’*

अनुसन्धानमा देखियो कि धेरै बच्चा भएका महिलामा प्रभाव स्पष्ट देखिए पनि सबैमा समान थिएन।

डा. यङ भन्छन्, ’यहाँ दुई कुरा लागू हुन्छन्- ठूलो परिवार र अकाल जस्ता अत्यन्त कठिन परिस्थितिहरू।’

विज्ञहरू धेरै वर्षदेखि छलफल गर्दै आएका छन्- किन कतिपय प्रजाति (जस्तै मुसा, किरा) धेरै सन्तान जन्माउँछन् र कम बाँच्ने गर्छन्, जबकि हात्ती वा मानव जस्ता प्रजाति कम बच्चा जन्माउँछन् तर धेरै बाँच्छन्?

एक प्रमुख सिद्धान्त अनुसार, शरीरले कोष-मर्मतबाट ऊर्जा हटाएर प्रजननमा लगाउँदा उमेर छिटो बढ्छ।

### *के आधुनिक महिलामा पनि यस्तो असर देखिन्छ?*

२०२३ मा सूडानकी महिलाले औसत ४.३२ बच्चा जन्माइन्- र त्यसैपछि देशका केही भागमा अकाल घोषित भएको थियो।

तर के २०० वर्षपहिलेका तथ्य आजका महिलामा पनि लागू हुन्छन्?

डा. यङ भन्छन्, ’त्यो समयको स्वास्थ्य सेवा निकै कमजोर थियो, र महिलाले औसत चार (पाँच बच्चा जन्माउने गर्थे) आजभन्दा धेरै।’

१८०० पछिदेखि विश्वभर जन्मदर तीव्र गतिमा घटेको छ। २०२३ मा औसत जन्मदर प्रति महिला दुईभन्दा अलि बढी मात्र थियो, शिक्षा, रोजगारी, गर्भनिरोधक पहुँच र बाल-मृत्यु दर घटेको कारण।

तर नाइजर, चाड, सोमालिया, दक्षिण-सूडान जस्ता देशमा महिलाले अझै चार वा बढी बच्चा जन्माउने गरेको पाइन्छ।

डा. यङ भन्छन्, अझ धेरै प्रमाण आवश्यक छ, तर संसारका केही क्षेत्रमा यस अध्ययनका नतिजा आज पनि मिल्न सक्छन्।

*बीबीसी हिन्दीबाट*

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# विवाहपञ्चमीका दिन मिथिलामा किन छोरी विहे गर्दैन



कैलास दास

विवाह पञ्चमी हिन्दू सांस्कृतिक जीवनको एक महत्वपूर्ण तिथि हो, जुन मार्गशीर्ष शुक्ल पक्षकी पञ्चमीमा मनाइन्छ। जनकपुरधाममा सदियौंअघि सम्पन्न भएको भगवान् श्रीराम र माता सीताको पौराणिक विवाह स्मरणार्थ यो पर्व आज पनि उत्साह, आस्था र सांस्कृतिक गौरवका साथ मनाइन्छ। जनकपुरका गल्ली(गल्लीमा विवाहोत्सवको धुन घन्किन्छ, शोभायात्रा निस्कन्छ, मण्डपहरू सिङ्गारिन्छन् र मिथिलाको सांस्कृतिक आत्मा झनै प्रकाशमान बन्छ।

तर यिनै दिनमा एक रोचक परम्परा सदियोंदेखि कायम छ। विवाह पञ्चमीको दिन मान्छेले विवाह गर्दैनन्। यो प्रश्नले धेरैलाई कौतुहल बनाउँछ। जब देव(युगलले यही दिन दाम्पत्य जीवनको आरम्भ गरे, तब यही दिन मान्छेको विवाह किन अशुभ मानियो ?

धर्मशास्त्र, सांस्कृतिक इतिहास र समाजशास्त्रीय व्याख्या हेर्दा, यो परम्पराको मूलमा गहिरो कारणहरू रहेका छन्। यही कारणलाई विश्लेषणात्मक ढङ्गले सम्झनु आज पनि उत्तिकै आवश्यक छ।

विवाह पञ्चमीमा विवाह नगर्ने परम्परा केवल धार्मिक विश्वास वा अन्धविश्वास होइन। यसको जरा राम(सीताको जीवनयात्रामा निहित गहिरा सामाजिक र मनोवैज्ञानिक घटनाक्रमसँग जोडिएका छन्। भगवान् राम र माता सीताले आदर्श विवाह गरे पनि उनीहरूको वैवाहिक जीवन लगातार







संघर्ष, परीक्षा र पीडाले भरिएको देखिन्छ।


राम वनवासमा जाँदा सीताले कष्टपूर्ण दिनहरू भोगिन्। वनमा बस्दा पातालबाट स्वर्ण(मृगको प्रलोभन, रावणद्वारा अपहरण, लंकामा कैद, युद्धपछि अग्निपरीक्षा, र अन्त्यमा प्रजाको शंकाले पुनः एकाकी जीवन बिताउनुपरेको स्थितिले सीतामाथि अपूर्व मानसिक बोझ पारेको स्पष्ट छ।

यी घटनाहरूले राम(सीताको कथा केवल प्रेम र समर्पणको कथा मात्र नभएर समाजको कठोरता, स्त्रीको पीडा, र दाम्पत्य जीवनमा आउने कठोर बाधाहरूको प्रतीकका रूपमा पनि रहने बनाएको छ।

शास्त्रका ज्ञानीहरूले विवाह पञ्चमीको दिन विवाह नगर्न सुझाव दिनु यही कारण हो। यो दिन राम(सीताका शुभ विवाहको स्मृति भएपनि त्यसपछि आएको दुःखको स्मृतिसँग पनि बाँधिएको दिन हो। मानवीय जीवनमा दुःख(स्मृतिले प्रतीकात्मक प्रभाव पार्छ भन्ने मान्यता अनुसार, देव(दम्पतीको पीडाभरि जीवनयात्रालाई सम्झेर यस दिन विवाह नगर्न उचित मानिन्छ।धार्मिक ग्रन्थहरू दिन, तिथि र नक्षत्रलाई केवल खगोलीय गणनामा सीमित गर्दैनन्। तिथिहरूलाई घटनामार्फत अर्थपूर्ण बनाउने परम्परा हाम्रो संस्कृतिमा पुरानो छ। विवाह पञ्चमीका दिन रमाइलो, शोभायात्रा, पूजा(अर्चना र व्रत सबै अत्यन्त शुभ मानिए पनि "नयाँ वैवाहिक यात्रा सुरू गर्नु" भने उपयुक्त मानिँदैन।

ज्योतिषशास्त्रको दृष्टिले हेर्दा पनि विवाह पञ्चमीको तिथि सामान्यतया विवाहका लागि उत्तम 'मुहूर्त' मानिने श्रेणीमा पर्दैन। शुक्र ग्रह(जो प्रेम, दाम्पत्य र सौन्दर्यसँग सम्बन्धित छ, यस अवधिमा कमजोर स्थितिमा रहने मान्यता छ। सूर्य(शुक्रको स्थिति केही असमतल हुने भएकाले 'संस्कार' भन्दा 'आराधना' उपयुक्त हुने भनिन्छ।

धर्मशास्त्र भनेको केवल अनुष्ठानको संकलन होइन, मानव मनोवैज्ञानिक अवस्थाहरू बुझेर बनाइएको जीवन(नियम पनि हो। मानिस नयाँ जीवन यात्रा सुरु गर्दा शान्ति, शुभता र सन्तुलन खोज्छ। उनीहरू आफूलाई सकारात्मक प्रतीकसँग जोड्न चाहन्छन्। यही कारण सांस्कृतिक समाजले विवाहलाई त्यो दिनमा नगर्न सुझाव दिएको देखिन्छ, ताकि प्रतीकात्मक रूपमा पनि नयाँ दाम्पत्य यात्रा कुनै दुखद कथा वा कठिन यात्रासँग नजोडियोस्।



आजको युवा पुस्ताले विवाह र संस्कारलाई नयाँ दृष्टिकोणले हेर्छ। उनीहरू 'दिन, तिथि, नक्षत्र' भन्दा बढी 'समझदारी, प्रेम, समर्पण र व्यवहारिकता'मा जोड दिन्छन्। तर परम्पराको गहिरो अर्थ बुझ्न सके त्यसमा कुनै कठोरता वा बाध्यता नभई एक किसिमको 'सन्देश' पाइन्छ। विवाह जीवनको पवित्र र जिम्मेवार यात्रा हो, जसका लागि मन, विचार र समय सबैको तयारी आवश्यक हुन्छ।

विवाह पञ्चमीमा विवाह नगर्नु केवल धर्मले दिएको प्रतिबन्ध होइन; त्यो एक प्रकारको गहन सामाजिक मनोविज्ञान पनि हो।

राम(सीताको कथा केवल मिथक होइन(संबन्धमा आउने चुनौती, समाजको कठोरता, स्त्री व्यक्तित्वका कठिनाइ र दाम्पत्य कर्मको गहिराई सम्झाउने मानवीय सत्य हो। विवाह जस्तो निर्णय जीवनको नयाँ पृष्ठ हो; त्यसको आरम्भलाई शुभ, स्थिर र सन्तुलित बनाउने चेतनाले नै यो परम्परा कायम गराएको देखिन्छ।

विवाह पञ्चमीलाई विवाहका लागि अशुभ भनिए पनि, यो दिनलाई शुभ कर्मका लागि सबैभन्दा उत्कृष्ट दिन मानिन्छ। यस दिन राम(सीताको पूजा(अर्चना गर्नाले दाम्पत्य जीवनमा सद्भाव, सहिष्णुता र समर्पण बढ्ने विश्वास छ।

समाजशास्त्रीय रूपमा हेर्दा, विवाह पञ्चमीले एउटा महत्वपूर्ण सन्देश दिन्छ। विवाह केवल उत्सव होइन; परिवार, दाम्पत्य र भविष्य दुवैका लागि अत्यन्तै संवेदनशील चरण हो। सामाजिक सीप, संस्कृति र परम्पराले विवाहलाई केवल दाम्पत्य मिलन होइन, एक गम्भीर सामाजिक संस्था मानेको छ। यही कारण विवाहका लागि उपयुक्त समय छान्ने र केही दिन विशेष कारणले टार्ने अभ्यास हाम्रो समाजमा प्राकृतिक रूपमा विकसित भएको देखिन्छ।

# निर्वाचनमा भाग लिने कांग्रेसको औपचारिक निर्णय

दैनिक समाचारदाता
काठमाडौँ ६ कात्तिक । नेपाली कांग्रेसले प्रतिनिधिसभा निर्वाचनमा भाग लिने औपचारिक निर्णय गरेको छ । शनिबार बसेको पार्टी केन्द्रीय कार्यसमिति बैठकले निर्वाचनमा भाग लिने औपचारिक निर्णय गरेको हो।



'२०८२ फागुन २१ गते हुने गरी प्रतिनिधि सभाको निर्वाचनको मिति घोषणा भइसकेको अवस्थामा वर्तमान राजनीतिको उचित निकास निर्वाचन नै हो भन्ने ठहर गर्दै नेपाली कांग्रेस निर्वाचनमा भाग लिने निर्णय गर्दछ', बैठकपछि मुख्यसचिव कृष्णप्रसाद पौडेलले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

निर्वाचन मार्फत् नै संविधानको रक्षा तथा जेनजी प्रदर्शनका क्रममा परिवर्तनका लागि उठाइएका आवाजलाई संस्थागत रूप दिँदै देशलाई अघि बढाउन सकिन्छ भन्ने दृढ विश्वास रहेको कांग्रेसको भनाइ छ ।

कांग्रेसले निर्वाचनका लागि भयरहित वातावरण अपरिहार्य रहेको जनाएको छ । 'तर हाल हजारौँ कैदीबन्दी फरार रहनु, ठूलो परिमाणमा हातहतियार हराइरहनु, राजनीतिक दलहरूले निर्वाध रूपमा आफ्ना कार्यक्रम सञ्चालन गर्न नपाउनु र निर्वाचनका लागि आवश्यक न्यूनतम अवस्था पनि स्थापित हुन नसकनु– यी सबै परिस्थितिहरू अत्यन्त गम्भीर छन्', कांग्रेसले भनेको छ, 'तत्काल शान्ति-सुरक्षामा सुधार ल्याउन, सुरक्षाकर्मीको मनोबल उच्च बनाउन तथा आम नागरिकमा भयमुक्त वातावरण सुनिश्चित गर्न नेपाली कांग्रेस सरकारसँग जोडदार माग गर्दछ ।'

## दल दर्ता गराउने कांग्रेसको निर्णय

नेपाली कांग्रेसले आउँदै गरेको दुई निर्वाचन प्रयोजनका लागि दल दर्ता गराउने निर्णय गरेको छ । शनिबार बसेको केन्द्रीय कार्यसमिति बैठकले माघ ११ गते आइतबारको दिन हुने राष्ट्रिय सभा सदस्य निर्वाचन र फागुन २१ गते बिहीबारको दिन हुने प्रतिनिधि सभा सदस्य निर्वाचन प्रयोजनका लागि पार्टीलाई निर्वाचन आयोगमा दर्ता गर्ने निर्णय गरेको हो । सो प्रयोजनका लागि निर्वाचन आयोगमा दल दर्ता गर्ने लगायतका कानून बमोजिमका सम्पूर्ण प्रक्रिया पूरा गर्न केन्द्रीय कार्यालयका मुख्य सचिव कृष्ण प्रसाद पौडेललाई बैठकले जिम्मेवारी दिएको छ । पार्टीले निर्वाचनमा सहभागी हुने औपचारिक निर्णय गरेको पौडेलले जानकारी दिए ।

# आठ लाख ३७ हजार नयाँ मतदाता थपिए

दैनिक समाचारदाता
काठमाडौँ ६ कात्तिक । निर्वाचन आयोगले आसन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनलाई लक्ष्य गरेर सञ्चालन गरेको मतदाता नामावली तथा अद्यावधिकका लागि थप गरेको समय शुक्रबारबाट सकिएको छ ।

सो अघि गत कात्तिक ३० गतेसम्मका लागि नामावली दर्ताको समय दिइएकामा नयाँ मतदाताको दर्ताको चाप र सरोकार भएका पक्षको आग्रहका आधारमा आयोगले यही मङ्सिर ५ गतेसम्मका लागि समय थपेको थियो ।

यसबिचमा ८ लाख ३७ हजार ९४ नयाँ मतदाता थपिएको आयोगले जनाएको छ । बायोमेट्रिक्स मार्फत ३ लाख ४४ हजार ९१४ र राष्ट्रिय परिचयपत्र मार्फत ४ लाख ९२ हजार १८० मतदाता थपिएका हुन् ।

निर्वाचन आयोगमा शुक्रबारसम्म १० वटा नयाँ दल दर्ता भएका छन् । श्रम संस्कृति पार्टी, गतिशील लोकतान्त्रिक पार्टी, नागरिक उन्मुक्ति पार्टी, नेपाल, राष्ट्रिय परिवर्तन पार्टी, राष्ट्रिय जनमत पार्टी, कम्युनिस्ट पार्टी नेपाल, राष्ट्र निर्माण दल, राष्ट्रिय उर्जाशील पार्टी, पिपल्स फर्स्ट पार्टी र उज्यालो नेपाल पार्टी आयोगमा दर्ता भएका हुन् ।

यस्तै अन्य २८ दल दर्ताका लागि प्रस्ताव गरी आएका र ती दल प्रक्रियामा रहेको आयोगले जनाएको छ ।

# ८ वटा शान्ति-सम्झौता गराएको ट्रम्पको दाबी

अमेरिका ६ कात्तिक । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भारत र पाकिस्तानबीचको द्वन्द्व न्युनीकरणमा आफैँले निभाएको 'केन्द्रीय भूमिका' सम्बन्धी दाबीलाई फेरि दोहोऱ्याएका छन् ।



न्युयोर्क सहरका नवनिर्वाचित मेयर जोहरान ममदानीसँग ह्वाइट हाउसमा भएको भेटका क्रममा राष्ट्रपति ट्रम्पले यो दाबी पुनः दोहोऱ्याएका हुन् ।

चुनावी विजयपछि पहिलो औपचारिक अन्तरक्रियाका लागि वासिङ्टन पुगेका ममदानी र राष्ट्रपति ट्रम्पबीचको भेट ओभल अफिसमा सम्पन्न भएको थियो । राष्ट्रपति ट्रम्पले बैठकलाई 'उत्कृष्ट' भन्दै उनीसँग कुरा गर्न 'रमाइलो' लागेको टिप्पणी गरे ।

संयुक्त रूपमा पत्रकारहरूसामु उभिँदा राष्ट्रपति ट्रम्पले मे महिनामा भारत-पाकिस्तानबीच उत्पन्न गतिरोधको पुनः स्मरण गर्दै भने, "मैले भारत र पाकिस्तानसहित आठ राष्ट्रसँग आठ शान्ति सम्झौता गरेँ ।" उनले उक्त तनावलाई नियन्त्रणमा ल्याउन आफ्नो प्रशासनले निर्णायक भूमिका खेलेको दाबी गरे ।

उनका पछिल्ला टिप्पणीहरू यसै हप्ता उनले बारम्बार गर्दै आएका समान अभिव्यक्तिसँग मेल खान्छन् । बुधबार राष्ट्रपति ट्रम्पले भारत र पाकिस्तान दुवैले शत्रुता अन्त्य नगरे ३५० प्रतिशतसम्म आयात शुल्क लगाइने धम्की दिएको दाबी गरेका थिए । उनका अनुसार, यही दबाबले दुईवटा आणविक-सशस्त्र छिमेकी राष्ट्र युद्ध-स्तरको टकरावबाट पछाडि हट्न बाध्य भए ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आफूलाई 'हामी युद्धमा जाने छैनौँ' भनेको कुरा पनि राष्ट्रपति ट्रम्पले पुनः उद्धृत गरे ।

तर भारतले भने निरन्तर रूपमा कुनै पनि तेस्रो पक्षको मध्यस्थता अस्वीकार गर्दै आएको छ । अप्रिल २२ मा काश्मीरको पहलगाममा धर्मको नाममा गराइएको आतङ्कवादी आक्रमणमा २६ जना सर्वसाधारण मारिएपछि भारतले पाकिस्तान तथा पाकिस्तान प्रशासित काश्मीर (पिओके) स्थित आतङ्कवादी पूर्वाधारलाई लक्षित गर्दै मे ७ मा अपरेसन सिन्दूर सुरु गरेको थियो । करिब चार दिनसम्म चलेको भारी ड्रोन तथा मिसाइल आदानप्रदानपछि दुवै पक्ष मे १० मा शत्रुता अन्त्य गर्न सहमत भएका थिए ।

ह्वाइट हाउसमा नवनिर्वाचित मेयर ममदानीको उपस्थितिबारे धेरैले चासो दिएका थिए । मेयर ममदानी फिल्म निर्माता मीरा नायर र कोलम्बिया विश्वविद्यालयका प्रख्यात प्राध्यापक महमुद ममदानीका सुपुत्र हुन् । युगान्डाको कम्पालामा जन्मिएका उनी सात वर्षको उमेरमा अमेरिकाको न्युयोर्कमा बसाइँ सरेका थिए । रासस

# लागुऔषधसहित युवक पक्राउ

दैनिक समाचारदाता
महोत्तरी, ६ मंसिर । प्रहरीले भारी परिमाणको नियन्त्रित लागुऔषधसहित एक युवकलाई पक्राउ गरेको छ । प्रहरीले तीन हजार थान लागुऔषध ट्रमाडोल ट्याब्लेटसहित बारा निजगढ नगरपालिका ७ का २७ वर्षीय मुकेश दर्लामीलाई हिजो शुक्रबार साँझ नियन्त्रणमा लिएको हो ।



लागुऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय बर्दिवास र इलाका प्रहरी कार्यालय बर्दिवासको संयुक्त टोलीले पैदल यात्री दर्लामीलाई बर्दिवास १ स्थित पूर्वपश्चिम लोकमार्गको भवसी पुल नजिकबाट बरामद गरेको जनाएको छ ।

लागुऔषध नियन्त्रण ब्युरो बर्दिवासका प्रमुख सरोज अधिकारीका अनुसार साँझको समयमा शङ्कास्पद रूपमा बर्दिवासतर्फ आउँदै गरेका दर्लामीले बोकेको झोला तलासी लिँदा उक्त परिमाणको लागुऔषध भेटिएको थियो ।

दर्लामीसहित बरामद लागुऔषधलाई आवश्यक कारबाहीका लागि इलाका प्रहरी कार्यालय बर्दिवासमा बुझाइएको ब्युरो प्रमुख अधिकारीले जनाउनुभयो ।

यस अघि कात्तिक १७ गते पनि ब्युरो प्रमुख अधिकारीकै टोलीले बर्दिवास र लालगढका छुट्टाछुट्टै स्थानबाट ४१ बोतल प्रतिबन्धित लागुऔषध ओरोनेक्स सिरपसहित तीन जनालाई नियन्त्रणमा लिएको थियो ।

## आसन्न......

दलहरूको संयुक्त संयोजनका रूपमा स्थापित संघीय लोकतान्त्रिक मोर्चाले विगत केही वर्षदेखि प्रदेश तथा संघीय तहमा मधेशका सवाललाई एकीकृत ढंगले उठाउँदै आएको छ। समान राजनीतिक एजेन्डा, संविधानिक संशोधनका मुद्दा, प्रदेशको अधिकार प्रत्यायोजन, र मधेशी समुदायले भोग्दै आएका संरचनागत समस्याहरूको समाधानका लागि मोर्चा सक्रिय रहँदै आएको छ।

नयाँ चुनावी समीकरणमार्फत मधेशमा वैकल्पिक शक्ति निर्माण गर्ने लक्ष्य राखेको मोर्चाले केही समययता आपसमा देखिएको मतभेदलाई पनि मिलाएर आगामी निर्वाचनलाई अवसरका रूपमा लिन खोजेको नेतृत्वले संकेत गरेको छ। मोर्चाको एकताबद्ध निर्णयले प्रदेश २ (मधेश प्रदेश) तटस्थ मतदाताामाझ पनि बहस र चासो बढाएको छ, जहाँ मधेशवादी राजनीतिक दलहरूबीचको एकता वा विभाजनले प्रत्यक्ष चुनावी परिणाममा प्रभाव पार्ने मानिन्छ।

यससँगै, आसन्न निर्वाचनमा मधेशवादी राजनीति पुनः एक केन्द्रबिन्दुमा आउने अनुमान गरिँदैछ, जसले समग्र राष्ट्रिय राजनीतिमा पनि नयाँ समीकरण निर्माण गर्न सक्ने विश्लेषकहरूको आकलन छ।

## जसपाका....

कारण आन्दोलन नै एकमात्र विकल्प बनेको छ।

पार्टीले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "शान्तिपूर्ण तर सशक्त संघर्षबाटै परिवर्तन सम्भव छ। अधिकार, पहिचान र समानताको पक्षमा देशव्यापी रुपमा जागरण फैलाउन अब एकताबद्ध भएर अघि बढ्नुपर्छ।" आन्दोलनका थप कार्यक्रम आवश्यक परे जिल्ला समिति वा प्रदेश समितिले परिस्थितिअनुसार निर्णय गरेर सञ्चालन गर्न सक्ने उल्लेख छ। जसपाको यो संघर्ष यात्रा न केवल आगामी चुनावसँग जोडिएको छ, बरु संविधान, पहिचान र समान प्रतिनिधित्वका दीर्घकालीन प्रश्नसँग पनि गहिरो रूपमा सम्बन्धित देखिन्छ। पार्टीले शान्तिपूर्ण, लोकतान्त्रिक र संयमित आन्दोलन मार्फत दबिएका मुद्दाहरूलाई राष्ट्रिय बहसको केन्द्रमा ल्याउने दाबी गरेको छ।

देशभर क्रियाशील संरचनाहरू सक्रिय बन्दै गएसँगै जसपाको आन्दोलन नेपालको राजनीतिक परिवेशमा नयाँ तरंग ल्याउने अनुमान राजनीतिक विश्लेषकहरूले गरिरहेका छन्।



- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्जैङ् कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग
जनकपुरधाम, ३४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३३४

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४